सुरक्षा गार्ड,सरसफाई तथा अन्य कर्मचारीहरु

सम्बन्धि

## शिलबन्दी दरभाऊ /बोलपत्र प्रश्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०।१०।२६

आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको लागि केही सुरक्षा गार्ड, सरसफाई तथा अन्य कर्मचारीहरु आवश्यक भएकोले निम्न शर्तहरुको आधारमा सम्वन्धित निकायवाट ईजाजत प्राप्त इच्छुक सेक्युरिटि कंम्पनि तथा जनशक्ति आपूर्तिकर्ताहरुबाट शिलबन्दी दरभाऊ/बोलपत्र प्रशताव पेश गर्नको लागि यो सुचना( 0361/AMDA/SCWH/208081) प्रकाशित भएको मितिले १५ दिन भित्र सिद्धार्थ बाल तथा महिला अस्पतालमा आईपुग्ने गरी शिलबन्दि दरभाऊ/बोलपत्र पेश गर्न आव्हान गरिएको छ । यस सूचना संम्वन्धि थप जानकारी तथा विस्तृत विवरणका लागि तलको ठेगानामा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

तपशिलः

शर्तहरु :

१. दरभाऊ/ बोलपत्र खरिदकर्ताले दरभाऊ/ बोलपत्र पत्र फारम रु. २०००/- (अक्षेरुपि : दुई हजार मात्र ।) फिर्ता नहुने गरी नगद तिरी फर्म/कम्पनी नविकरण भएको ईजाजतपत्रको प्रतिलिपि, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७९।८० सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरि लिखित निवेदन दिई आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलबाट प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाऊ/बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर फर्म/कम्पनीको नाम ठेगाना, सम्पर्क टेलिफोन नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । शिलबन्दी खाममा आफुले आपुर्ति गर्न चाहेको सेवा/वस्तुको नाम र सुचना नम्बर लेखिएको हुनुपर्नेछ ।

३. रीतपूर्वकको शिलबन्दी दरभाऊ/ बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात मिति २०८०।११।११ गते दिनको १ बजे भित्र आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलमा पेश गरिसक्नु पर्ने छ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन तोकिएको स्थान र समयमा पेश गरिसक्नु पर्नेछ ।

४. दरभाऊ/बोलपत्रको साथमा आफुले कबोल गरेको कुल रकम लगायत मूल्य अभिबृद्धि कर (भ्याट) समेतको २.५% ले हुन आउने बराबर रकम कम्तिमा मिति २०८० चैत्र मसान्त सम्मका लागि मान्य हुने आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको नाममा जारी भएको बिडवण्ड ( बैंक ग्यारेन्टी) संलग्न हुनुपर्ने छ । तोकिए बमोजिमको विडवण्ड समावेश नगरी दरभाऊ/बोलपत्र पेश गरेमा सम्वन्धित फर्म/कम्पनीलाई यस प्रकृयामा समावेश गरिने छैन। आपुर्तीकर्ता (दरभाऊ/बोलपत्रदाता) छनौट भई सूचना जारी भएको सात दिन भित्र भ्याट समेतको स्वीकृत रकमको जम्मा ५% (पाँच प्रतिशत) का दरले हुन आउने रकम बराबरको एक वर्ष मान्य हुने गरी आम्दा नेपाल सिद्धार्थ बाल तथा

महिला अस्पताल, बुटवलको नाममा जारी भएको परफरमेन्स बोण्ड (बैंक ग्यारेन्टी) सहित आम्दा नेपाल सि.बा.म अस्पतालसँग संझौता गरिसक्नु पर्नेछ, अन्यथा बिडबण्ड जफत हुनेछ ।

५. दरभाऊ/बोलपत्र फारम भर्दा भ्याट बाहेक र भ्याट सहितको जम्मा रकम नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा भर्नुपर्नेछ । अंक र अक्षरमा दुविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाँउमा सही छाप गरेको हुनु गर्नुपर्नेछ । दरभाऊ/ बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले सही छाप गरेको हुनुपर्नेछ । त्यस्तो नभएको पाइएमा बोलपत्र फारम रद्द गर्न सकिने छ । नेपाल सरकारलाई तिर्नु पर्ने भ्याट बाहेक सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नु पर्ने अन्य सबै प्रकारका कर तथा शुल्कहरु दररेटमा समाबेश भएको मानिनेछ । बोलपत्र दाता /दरभाऊपत्र दाताले तोकिएको सेवा आपुर्ति दिनु पर्ने स्थान, अवधि आदिको पुर्ण विवरण बुझि जानी दररेट भरेको मानिनेछ । आवश्यक परेमा आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले दरभाउपत्र /बोलपत्रदाताले पेश गरेको विवरण अनुसार प्रदान गर्ने सेवा, बोलि ब्यवहार र कार्यकुशलताको परिक्षण गर्न सक्नेछ ।

६. अन्य शर्त तथा कार्यविवरण बोलपत्र/दरभाऊपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र/ दरभाउपत्रमा संशोधन आवश्यक देखिएमा प्रस्ताव पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले संशोधन गर्न सक्नेछ ।

७. शिलबन्दी दरभाऊ/ बोलपत्रहरु मिति २०८०।११।१३ गते बिहान ११ बजे बोलपत्र/दरभाऊपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलमा खोलिने छ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन सोहि स्थान र समयमा खोलिनेछ । बोलपत्र/दरभाऊपत्र दाता वा प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

८. रितपूर्वक प्राप्त नभएको दरभाऊ/बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालले दरभाऊ/बोलपत्र दाताले पेश गरेको प्रस्ताव मध्य कुनै एक वा सम्पूर्ण सरसामान/सेवा समेत छनौट गर्न सक्नेछ । यो सम्झौता १ वर्ष सम्मको लागि मान्य हुने गरि गरिनेछ र कार्यसम्पादन सन्तोषजनक रहेमा नविकरण गर्न सकिनेछ।संम्झौता अवधिभर शिलवन्दी दरभाऊ/बोलपत्रमा उल्लेखित प्रस्तावको दर तथा विवरण परिवर्तन मान्य हुने छैन ।

१०.सेक्युरिटि कम्पनी वा जनशक्ति आपुर्तीकर्ता ISO Certified कम्पनि हुनुपर्नेछ ।

११. सेक्युरिटि कम्पनी तथा जनशक्ति आपुर्तिकर्ता, श्रमिक आपुर्ति ईजाजत पत्र/ कार्य संचालन अनुमति पत्र लिएको र अधावधिक भएको हुनुपर्नेछ ।

१२. सेक्युरिटि कम्पनी वा जनशक्ती आपुर्तिकर्ताले सेवा प्रदायक मजदुरहरुको सुरक्षाका लागि सामाजिक सुरक्षा कोषमा आवद्द गराएको हुनुपर्नेछ ।

१३. छनौट भएको आपूर्तिकर्ता र सि.बा.म अस्पताल बिच सम्झौता सम्पन्न भए पश्चात अस्पतालले सेवा खरिद कार्यआदेश जारी गर्नेछ। कार्यआदेश जारी भएको ७ दिन भित्र आपूर्तिकर्ताले तोकिएको स्थानमा तोकिए बमोजिमको सेवा पूर्ण रुपमा उपलब्ध गराउनुपर्नेछ । यदि तोकिए बमोजिम पूर्ण रुपमा सेवा उपलब्ध गराउन नसकेमा अस्पतालले निर्धारण गर्ने जरिवाना बैंक ग्यारेण्टीबाट अशुल उपर गरि सम्झौता भंग गर्न सक्नेछ ।

१४. कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनुका साथै श्रम ऐन लगायत नेपाल सरकारको प्रचलित ऐन, कानुन र व्यवस्था अनुरुप संचालित भएको हुनुपर्नेछ ।

१५. सेक्युरिटि कम्पनी तथा जनशक्ति आपुर्तिकर्ताको २ वर्षको कार्य अनुभव हुनु पर्नेछ ।

१६. आपुर्तिकर्ताले तोके वमोजिमको संख्या, स्थान र समयमा सेवा आपुर्ति नगरेको खण्डमा उक्त सेवा स्विकार हुने छैन र उपरोक्त काममा हुने समयको अनावश्यक बर्बादी र खर्चको सोधभर्नाको लागि हरेक पटक बीस प्रतिशतका दरले जरिवाना गर्न सकिनेछ । त्यस्तो जरिवाना रकम नगद वा परफरमेन्स बोण्डबाट असुल उपर गर्न सकिनेछ ।

१७.आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलले तोकेको समय भित्र तोकिएका सेवाहरु आपुर्तिकर्ताले आपुर्ति गर्न नसकेमा अन्य पक्षसँग उक्त सेवाहरु खरिद गर्न सक्नेछ । आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालले अन्य आपुर्तिकर्ताबाट खरिद गरेको सेवाको सम्पूर्ण मूल्यको जरिवाना वा बैंक ग्यारेन्टी (परफरमेन्स वोण्ड) जफत गरि आपुर्तिकर्तासँग भएको संभौता भङ्ग गर्न सक्नेछ ।

१८. सम्भौता सम्पन्न गर्दा तोकिएका सेवाहरुको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सबै प्रकारका सरसहयोगहरु, दरभाऊ/बोलपत्र साथ पेश गरे वमोजिम आपुर्तिकर्ताले उपलब्ध गराउनु पर्नेछ ।

१९. दरभाऊ/ बोलपत्रहरु आशिक वा पूर्णरुपमा जानकारी दिई वा नदिई स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालमा सुरक्षित रहनेछ ।

बोलपत्र/दरभाऊपत्र सम्वन्धि थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

<u>सम्पर्क राख्ने ठेगाना</u>

आम्दा नेपाल

सिद्धार्थ बाल तथा महिला अस्पताल

बुटवल– ०७, रुपन्देही

टेलिफोन : ०७१- ५०२१०१/५०२०९७

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको उपरोक्त सुचना वमोजिम तोकिएका उपरोक्त शर्तहरु पुर्णरुपमा स्विकार गर्दछौं ।

आधिकारीक पदाधिकारीको नाम :.................................................................................................

पद: ..........................................

हस्ताक्षर :.........................................................

मिति :............................................................

फर्म/कम्पनीको छाप :